# पुथा उत्तरगङ्गा गाउँपालिका

## गाउँ कार्यापालिका बैठकको प्रस्ताव एवं निर्णयहरु

## बैठक सङ्ख्या: ५९, बैठक मिति: २०८३।०६।१९ गते

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | कै. |
|---|---|---|---|
| १ | अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको ५८ औं कार्यपालिका बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ५९ औं कार्यपालिका बैठक प्रारम्भ गरियो । | |
| २ | गाउँपालिका, नगरपालिका र वडाको सिमाना हेरफेर र वर्गीकरणको मापदण्ड, २०८३ अन्तर्गत अध्ययन समिमिको प्रतिवेदन उपर छलफल सम्बन्धमा । | गाउँपालिका, नगरपालिका र वडाको सिमाना हेरफेर र वर्गीकरणको मापदण्ड, २०८३ अन्तर्गत अध्ययन समितिको प्रतिवेदन अनुसार पुथा उत्तरगङ्गा गाउँपालिकालाई पुथा र उत्तरगङ्गा गाउँपालिका प्रस्ताव गर्दा भुगोलको क्षेत्रफल र जनसंख्याको मापदण्द पुरा गर्न तथा साविक जाङ गा.वि.स को वडाहरु हालको पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ७ र वडा नं. ९ सँग सिमाको विवाद उत्पन्न हुने भएकोले पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ८ लाई प्रस्तावित सिस्ने नगरपालिकामा जाने सहमति नदिने भएको हुदाँ सोही अनुसारको प्रतिवेदन तयार गर्न गाउँपालिका, नगरपालिका र वडाको सिमाना हेरफेर र वर्गीकरणको मापदण्ड, २०८३ अन्तर्गत अध्ययन समितिलाई सिफारिस गर्ने निर्णय गरियो । | |
| ३ | आगामी विशेष गाउँसभाको कार्यसूची सम्बन्धमा । | २०८३ असोज २० गते हुने पुथा उत्तरगङ्गा गाउँपालिकाको विशेष गाउँ सभाको तपसिल बमोजिमको कार्यसूची हुने निर्णय गरियो । | |
| ४ | गाउँपालिकाको वृत्तचित्र (डकुमेन्टरी)प्रदर्शन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका भित्र रेहेका पर्यटकीय स्थल, संस्कार संस्कृत, परम्परा, पर्व लागायतका क्षेत्रको प्रचार-प्रसार गर्ने उद्देश्यले गाउँपालिकाको लगानीमा निर्माण गरिएका विभिन्न डकुमेन्ट्रीहरु गाउँपालिकाको YOUTUBE CHANNEL मार्फत प्रसारण गर्ने निर्णय गरियो। | |
| ५ | गाउँपालिकाको प्रशासनिक भवन उद्घाटन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको निर्माण सम्पन्न भएको प्रशासनिक भवन मिति २०८३ असोज २५ गतेका दिन उद्घाटन गर्ने निर्णय गरियो । | |
| ६ | वडा नं. ४ को घुन्माखोला लघु जलविद्युतको प्रसारण | पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ४ मा रहेको घुन्मा खोला लघु जल विद्युत आयोजनालाई थप सुधार तथा मर्मत गरेर पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ६ र वडा नं.५ मा विस्तार गर्ने निर्णय गरियो । | |

| | | | |
|---|---|---|---|
| | लाइन वितरण सम्बन्मा ।खरिद योजना सम्बन्धमा । | | |
| ७ | झोलुङ्गे पुल छनोट तथा सिफारिस सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको विभिन्न खोलाहरुमा झोलुङ्गेपुलहरु नहुदा नागरिकलाई आवत जावत गर्न र दैनिक उपभोग्य सामाग्रीहरु ओसार प्रसार गर्न समेट कठिन भएको साथै वर्षातको समयमा खोलाको बहाव बढेर मानवीय क्षति सम्म भएकोले यथासिघ्री झोलुङ्गे पुल निर्माणका लागि सस्पेन्सन बृज र प्रदेश कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो।<br>तपसिल<br>❖ साङखोला झोलुङ्गे पुल- पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ६ मयाङ<br>❖ अधेरीखोला झोलुङ्गे पुल - पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ६<br>❖ गार्जाखोला झोलुङ्गे पुल- पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. २ | |
| ८ | विविध | उत्तरगङ्गा नदिलाई ड्याम लगाइ ढोरपाटनमा जलसाय निर्माण गरी नदि अन्तै ड्याइबड गरी हाइड्रोपावर निर्माण गर्ने भनि नेपाल सरकारले अध्ययनको स्वीकृत दिएकोमा भविष्यमा जलासयको ड्याम फुटेर वा पानीको बहाव बढी जलासयको ड्याम खोल्नुपर्ने अवस्था आउँदा जलासय भन्दा तलतिरका बस्तिहरु मस, निसेलढोर, कुँढे, त्राम्चे, मलिम परपेस, हिले, ताँतुङ, धर्मशाला, तुँपा, ताँउवा, घुम्लिबाङ, दम्चन, घातुङ, कोरालीबाङ, लुप्ली, उपल्लो सेरा, तल्लो सेरा, तक, पदमी लगायत, त्रिवेणी सम्मका बस्तीहरु उच्च जोखिममा रहेको हुँदा जता नदिको बहाव छ त्यतै हाइड्रोपावर निर्माण गर्नको लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो । | |

स्थानीय सरकार पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तकसेरा, रुकुम (पूर्वी भाग) लुम्बिनी प्रदेश, नेपाल २०७३

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत